नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

माननीय मन्त्रीज्यूको निजी सचिवालय

(..............................................................शाखा)


फोन नं. ४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२
४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मिति : २०७७।९।१६

विषय :-

प्रेस विज्ञप्ती ।

आज मिति २०७७ साल पौष १६ गते बिहिबारका दिन माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयेश त्रिपाठी र नेपालका लागि भारतीय महामहिम राजदुत विनय मोहन क्वात्रा बीच शिष्टाचार भेटघाट सम्पन्न भएको छ । यस अवसरमा महामहिम राजदुतद्वारा माननीय मन्त्रीज्यूलाई नयाँ जिम्मेवारीको लागि बधाई तथा शुभकामना प्रदान गर्नुभयो ।

यसैगरी उहाँहरुबीच नेपाल-भारतको द्विपक्षीय सम्वन्धका विषयहरुमा सहयोग आदान-प्रदान बारे छलफल भयो । मूख्यतः नेपाल भारतबीच स्वास्थ्य क्षेत्रमा गर्न सकिने सहकार्य एवम् विद्यमान कोभिड-१९ संक्रमण विरुद्ध नेपाली जनतालाई खोप उपलब्ध गराउने सम्बन्धमा सकारात्मक छलफल भएको छ । महामहिम राजदुतद्वारा नेपाली जनतालाई कोरोना भाइरस विरुद्धको खोप उपलब्ध गराउन भारत सरकार तयार रहेको प्रतिवद्धता समेत व्यक्त गर्नुभएको छ ।

प्रकाश अधिकारी
निजी सचिव